कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

## उपप्राध्यापक पदको खुला प्रतियोगिताको दरखास्त आब्हान सम्बन्धी सूचना

**प्रकाशन मितिः २०७९/०७/१६**

यस विश्वविद्यालयको केन्द्रीय तथा आंगिक क्याम्पसहरुमा रिक्त रहेका देहायका पदहरू खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट दरखास्त आब्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**पदः उपप्राध्यापक**

| क्र.सं. | विज्ञापन नं. | विषय | संकाय | क्याम्पस | जम्मा संख्या | समूह | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित |
| १ | २२/०७९/०८० | एग्रीविजनेस म्यानेजमेन्ट | कृषि | केन्द्रीय | १ | १ | - | - | - | - |
| २. | २३/०७९/०८० | एग्रीकल्चरल इन्जिनियरीङ्ग | कृषि | केन्द्रीय | १ | १ | - | - | - | - |
| ३ | २४/०७९/०८० | मेकानिकल इन्जिनियरीङ्ग | कृषि | केन्द्रीय | १ | | १ | - | - | - |
| ४ | २५/०७९/०८० | भेट्. फर्माकोलोजी | पशु विज्ञान, पशु चिकित्सा एवं मत्स्य विज्ञान | केन्द्रीय | १ | १ | - | - | - | - |
| ५ | २६/०७९/०८० | वागवानी | कृषि | आंगिक | २ | १ | - | १ | - | - |
| ६ | २७/०७९/०८० | माटो विज्ञान | कृषि | आंगिक | १ | १ | - | - | - | - |
| ७ | २८/०७९/०८० | पशु विज्ञान | कृषि | आंगिक | २ | १ | - | - | - | १ |
| ८ | २९/०७९/०८० | बायोकेमेष्ट्री | कृषि | आंगिक | १ | - | १ | - | - | - |
| ९ | ३०/०७९/०८० | फरेष्ट्री | वन | आंगिक | ४ | २ | १ | १ | - | - |
| १० | ३१/०७९/०८० | सिल्भीकल्चर | वन | आंगिक | १ | १ | - | - | - | - |
| ११ | ३२/०७९/०८० | वाटरसेड म्यानेजमेन्ट | वन | आंगिक | १ | १ | | - | - | - |

**संलग्न गर्नुपर्ने कागजातहरू:**

- कृषि तथा वन विश्वविद्यालय सेवा आयोग कार्यालयको वेवसाइट लिंक- afu.edu.np/service-commission बाट आवेदन फाराम प्राप्त गर्न सकिने छ ।
- आवेदित पदका लागी तोकिएको आवेदन र परीक्षा दस्तुर बुझाएको बैंक भौंचर ।
- प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू, नागरिकताको प्रमाण पत्र तथा नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

**दरखास्त दिने अन्तिम मितिः** २०७९/०८/२० गतेसम्म (३५ दिन) र दोब्बर दस्तुर तिरी २०७९/०८/२७ गतेसम्म (७ दिन)

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

**उम्मेदवारको उमेरको हदः** मिति २०७९/०८/२० सम्म २१ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

**आवेदन फारम दस्तुरः रू.५०० (पाँच सय मात्र)**

**आवेदन दस्तुरः-** रू.२५००।- (दुई हजार पाँच सय मात्र)

( खुला समूहका साथै समावेशी समूहमा आवेदन फारम भर्दा थप २५ प्रतिशत शूल्क बढि लाग्ने छ, तर एक मात्रै समूहमा दरखास्त दिँदा रु.२५००।- मात्रै शूल्क तिरे पुग्नेछ ।)

**परिक्षाको किसिमः** लिखित, सीप परीक्षण र अन्तर्वार्ता

**लिखित परीक्षाको मितिः** आवदेन दिने म्याद समाप्त भएपछि प्रकाशन गरिनेछ ।

**आवश्यक न्यूनतम योग्यताः**

१. एग्रिबिजनेस म्यानेजमेन्ट्: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।

२. एग्रिकल्चरल इन्जिनियरिङ्ग: B.Sc./B.E Agricultural Engineering उत्तीर्ण गरी Agri. Engineering विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको ।

वा

B.Sc/B.E Agricultural Engineering उत्तीर्ण गरी निम्नानुसारको Agri. Engineering विषयमा कम्तीमा द्वितीय श्रेणीमा एम. एस्सी. उत्तीर्ण भएको ।

- M.Sc. Engineering in Water Resource Engineering
- M.Sc. Engineering in Technology and Innovation Engineering
- M.Sc Engineering in Land and Water Engineering
- M.Sc. Engineering in Climate Change and Development
- M.Sc. Engineering in Remote Sensing and GIS

३. मेकानिकल इन्जिनियरिङ्ग: B.E in Mechanical Engineering गरी M.Sc. Mechanical Engineering विषयमा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको

वा.

B.E Mechanical Engineering उतीर्ण गरी निम्नानुसारको M.Sc. Engineering विषयमा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको ।

- M.Sc. Engineering in Mechanical system and design Engineering
- M.Sc. Engineering in Mechanical engineering design and manufacturing

४. भेट् फर्माकोलोजी: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नाकातोत्तर तह उत्तीर्ण गरेको ।

५. वागवानी: मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी एजी उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

६. माटो विज्ञानः मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी एजी उत्तीर्ण गरी सोयल साइन्स विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

७. पशु विज्ञानः M. Sc. Animal Science (Animal Nutrition and Fodder Production) वा सो सरह वा M.Sc. Animal Science (Animal Breeding and Genetics) वा सो सरह वा M.Sc. Animal Science (Livestock Production and Management) वा सो सरहका विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

**चितवन, नेपाल**

८. बायोकेमेष्ट्रीः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोतर तह उत्तीर्ण गरेको ।

९. फरेष्ट्री : मान्यता प्राप्त शिक्षण संस्थाबाट फरेष्ट्री विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट फरेष्ट्री विषयमा स्नातक गरी watershed management वा Natural resource management and rural development (NRMRD) वा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको ।

१०. सिल्भिकल्चर : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर विषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको, वा मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी फरेष्ट्री उत्तीर्ण गरी सिल्भिकल्चर विषयसहित स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उतीर्ण गरेको ।

११. वाटरसेड म्यानेजमेन्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट वाटरसेड म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी फरेष्ट्री उत्तीर्ण गरी वाटरसेड म्यानेजमेन्ट विषयसहित स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको ।

## द्रष्टव्यः

१. कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिश सम्बन्धी कार्यविधि, २०७५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित योग्यता हासिल गरि सकेको हुनुपर्नेछ ।

३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

४. विज्ञापन प्रकाशन हुनभन्दा अगाडि प्रकाशित भएका अनुसन्धान तथा कृति एवम् शोध निर्देशनलाई मात्रै आवेदन फारममा उल्लेख गर्नुपर्नेछ । आवेदन फारममा उल्लेख गरिएका लेख, रचना, अनुसन्धान प्रतिवेदन तथा पुस्तकहरूको सक्कल प्रति लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि सेवा आयोगको कार्यालयमा बुझाउनु पर्नेछ ।

५. ईच्छुक उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर सेवा आयोगको कार्यालय, नेपाल बैंक लिमिटेड रामपुर शाखाको खाता नं.**०८५००१०७३१२८६६००००१** मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामसँगै बुझाउनु पर्नेछ ।

६. थप जानकारी आवश्यक परेमा सेवा आयोगको कार्यालय रामपुर, चितवनमा वा सेवा आयोगको इमेल ठेगाना sc@afu.edu.np मार्फत सम्पर्क गर्न सकिनेछ ।

अध्यक्ष
सेवा आयोग